# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------------------

जिल्ला कैलाली कोटा, तुल्सीपुर गाउँ विकास समिति, वडा नं. ९ स्थित श्री जनता निम्न माध्यामिक विद्यालयका राहत शिक्षक हरिराम डगौराले नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी उक्त पदमा कार्यरत रहेको तथा सेवा सुविधा लिई रहेकोले आवश्यक छानविन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा निज राहत शिक्षक हरिराम डगौराले नियुक्तिको लागि पेश गरेको अपर सचिव माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय ईलाहावादबाट सन् १९९७ मा हाईस्कूल (H.S) पास गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली एवं झुठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता